# दुल्लू नगरपालिका
# सातौं नगर सभामा प्रस्तुत आ.व.०७७।०७८ को वार्षिक, नीति, कार्यक्रम तथा बजेट

*प्रस्तुत कर्ता : उपप्रमुख श्री विष्णु थापा*
*मिति: २०७७ असार १०*
*स्थान : दुल्लू नगरपालिकाको सभाहल दुल्लू, दैलेख*

यस गरिमामय सातौं नगरसभाका अध्यक्ष ज्यू, जिल्ला समन्वय समिति दैलखका सदस्यज्यू, विभिन्न वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, कर्मचारी लगायत यस समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरु,

सर्वप्रथम म यस महत्वपूर्ण क्षणमा नेपालमा प्रजातन्त्र, लोकतन्त्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न विगत देखि हाल सम्म आफ्नो अमूल्य जीवनको उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति सम्मानपूर्वक भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

विश्व व्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को महामारी दिनानु दिन नेपालमा समेत फैलिदै गर्दा दुल्लू नगरपालिकामा समेत तिव्ररुपमा यो महामारी फैलिरहेको छ । महामारीकै कारण देशमा चलिरहेको लामो समयको बन्दावन्दी (Lock Down) र महामारी फैलिन सक्ने संत्रासका कारण समुदायस्तर लगायत अन्य सार्वजनिक कार्यक्रमहरु समेतमा समुहगतरुपमा उपस्थित भई छलफल गर्न नसकिने वाध्यातालाई हृदयमंग गर्दै सावधानी समेतका उपायहरु अपनाई आगामी **आर्थिक वर्ष २०७७/०७८** को लागि दुल्लू नगरपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौ । दुल्लू नगरपालिकाको यो गरिमामय **सातौं** नगरसभाको शुभ-अवसरमा हाम्रो निमन्त्रणलाइ स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण नगर सभाका सदस्य लगायत सम्पूर्ण महानुभावहरुमा दुल्लू नगरपालिकाको तर्फवाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । साथै कोभिड-१९ को संक्रमणका कारण मृत्यूवरण गर्न पुगेका दुल्लू न.पा. ११ का स्वर्गिय कर्णबहादुर थापा मगर र दुल्लू न.पा. ३ का स्वर्गिय लक्ष्मी बुढा प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

तीन तहको संघात्मक व्यवस्था भएको हाम्रो मुलकमा कानुनत स्थानीय तह पनि एक सरकारको रुपमा स्थापित भई जननिर्वाचित स्थानीय सरकारवाट जनचाहना अनुरुपका समुदायलाई प्रत्यक्ष रुपमा अग्रगामी

परिवर्तन तर्फ लैजाने आर्थिक समुन्नति, सम्वृद्धि र सहज जीवनयापनको चाहना पूरा गर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु हामी जनप्रतिनिधिहरुको नागरिक प्रतिको उत्तरदायित्व हो । सोही अनुसार नगरपालिकाको तर्फवाट आगामी आर्थिक वर्ष २०७७०७८ नीति कार्यक्रम तथा बजेट यस सम्मानित नगर सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,
सम्वृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित **"दुल्लू नगरपालिकाको पहिचान,** ऐतिहासिक **पुरातात्विक सम्पदाको संरक्षण र बिकास हाम्रो अभियान"** भन्ने मूल नाराका साथ संचालन हुन गैरहेको यस सातौं नगरसभामा नगरको समग्र विकास कार्यक्रमलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउन नेपालको संविधान , स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तुर्जमा दिग्दर्शन २०७४ ( परिमार्जन सहित), नेपाल सरकारवाट र कर्णाली प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन समेतलाई मध्येनजर गरी स्थानीय जनताको माग, आवश्यकता, नगरमा प्राप्त श्रोत र साधनको अवस्था, विकास साझेदारको समन्वय र सहयोगमा समावेशी, समन्यायिक, वातावरण अनुकूलन र सुशासनयुक्त विकास लगायत संक्रमणजन्य रोग नियन्त्रण तथा महामारी व्यवस्थापन, विपद् व्यवस्थापन, स्थानीय स्तरका नागरिकहरुको लागि रोजगारी श्रृजना र आयआर्जन वृद्धि गर्ने खालका कार्यक्रम अगाडि वढाउन कार्यपालिकाबाट पारित भई आएका **आ.व. २०७७/०७८** को वार्षिक बजेट तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

सभाध्यक्ष महोदय,
स्थानीय तहको निर्वाचन प्रश्चात गठन भएको स्थानीय सरकारको कार्यकालको चौथो वर्षमा प्रवेश गर्दा दुल्लू नगरवासीले निर्वाचित जनप्रतिनिधिमुलक संस्थावाट के कस्तो अपेक्षा गरेका थिए र हामीले हाल सम्म सम्पादन गरेका कार्यहरुवाट के कति जनअपेक्षा पुरा गर्न सकेका छौं सो को आत्ममूल्यांकन गर्दै नगरपालिकाका बिभिन्न बस्तीसम्म यातायातको सहज पहुँच पुर्‍याउनु, सामाजिक, आर्थिक, सांस्कृतिक विकासको दृष्टिले पछाडि परेका वर्ग, लोपोन्मुख आदिबासी/जनजाति, महिला, दलित, असहाय, अपाङ्ग, विपन्न वर्गलाई विकासको प्रत्यक्ष प्रतिफल दिलाउनु, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नु, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु, शैक्षिक गुणस्तरमा सुधार ल्याउनु, विकास प्रकृयामा जनतालाई अर्थपूर्ण सहभागी वनाई नगरमा रोजगारी सृजना गर्नु, आमनागरिकको जीवनस्तरमा सुधार गर्नु, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नु, वर्तमान समयमा विश्व व्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण दुल्लू नगरपालिकामा समेत फैलिएका कारण यसको रोकथाम र प्रभावित नागरिकहरुको व्यवस्थापन, राजनीतिक दल, नागरिक समाज र गैरसरकारी संस्था वीच विकासका साझा एजेण्डा तयार गर्नु लगायत दुल्लू नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नुजस्ता विकास प्रकृयाका मुद्धाहरु हाम्रो सामु चुनौती र अवसरको रुपमा उभिएका छन् । यस प्रकारका चुनौतीहरुलाई अवसरमा परिणत गरी सेवाग्राहीको मन जित्नु हामी सबैको मूल्यांकन गर्न सकिने उपलव्धी हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

आम नगरवासी, नागरिक समाज, जनप्रतिनिधिहरु बीच विकास निर्माणमा देखिएको समन्वय र सहकार्य, सहमति, विभिन्न विकास साझेदार, सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुले विकास कार्यमा देखाएको अभिरुची, प्राकृतिक श्रोत, जैविक-विविधता, नगरपालिकाको सांस्कृतिक तथा ऐतिहासिक वस्तुहरुको प्राचुर्यता, भौगोलिक अवस्था र विविधतायुक्त हावापानी, आर्थिक केन्द्रहरुको वृद्धि र विकास, सहकारी क्षेत्रको विकास जस्ता पक्षहरुलाइ विकासका अवसरको रुपमा लिईएको छ । यसैगरि यी अवसरहरुको सदुपयोग गर्दै सरोकारवालाहरुसंगको सहकार्य, समन्वय र सहभागिताको आधारमा विकास निर्माण प्रकृया अगाडि वढाउन सकेमा नगरपालिकाले दिगो र नतिजामुखी विकास गर्न सक्ने कुरामा म विश्वस्त छु ।

दुल्लू नगरपालिकाबाट जनतालाई प्रवाह गरिदैं आएको सेवामा प्रभावकारिता ल्याउन विषयगत कार्यालयहरु र शाखाहरु बीच भएको प्रभावकारी समन्वय एवं सवै प्रकारका विकास कार्यक्रमहरुमा नागरिक समाज, सञ्चारजगत र निजी क्षेत्रवाट हामीलाई प्राप्त भईरहेको सृजनात्मक सहयोग अतुलनीय रहेको छ । सातौं नगर सभा संचालन गर्ने क्रममा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तुर्जमा दिग्दर्शन २०७४ (परिमार्जन सहित) का आधार र योजना तर्जुमा चरणका सबै प्रक्रियाहरुलाई पुरा गर्नुका साथै नगरपालिकामा क्रियाशिल राजनीतिक दल, दातृनिकाय, गै.स.स., नागरिक समाज, पत्रकार, प्रवुद्ध वर्ग तथा आम जनसमुदायबाट प्राप्त भएको रचनात्मक सुझाव, सल्लाह र सहयोगलाई समेत दृष्ट्रिगत गरिएको छ । यस कार्यमा सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

यस नगरसभाले तय गरेको आगामी आ.व.०७७।०७८ को वार्षिक बजेट तथा कार्यक्रमले आगामी दिनमा नगरपालिकाको दिगो विकासको खाका निर्माण, नागरिकहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण, प्रर्याप्त स्थानीय रोजगारी र आयमुलक कार्यमा विपन्न र सिमान्तकृत समुदायको आवद्धता, संक्रमण र महामारीजन्य रोग नियन्त्रण र व्यवस्थापन तर्फ नागरिकहरुमा सचेतना अभिवृद्धि गर्नुका साथै संस्थागत व्यवस्थापन, लगायत स्थानीय अनुकुलन र वातावरण संरक्षण लागायत पर्यटकिय क्षेत्रमा सकारात्मक रुपान्तरण भई महिला, जनजाति, पिछडिएको वर्ग तथा सीमान्तकृत जनताको जीवनस्तरमा महसुस गर्न सकिने परिवर्तन हुने अपेक्षा लिईएको छु । यसका लागि उपलब्ध श्रोत, साधनको सिमा भित्र रहेर मात्र योजना तर्जुमा हुनु नितान्त आवश्यक भएकोले नगरपालिकामा प्राप्त हुने र हुन सक्ने श्रोत, साधनलाई मध्येनजर गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**१. वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन अनुसार नगरपालिकाको बैठकवाट योजना तर्जुमा कार्यतालिका तय गरी सोही दिग्दर्शन बमोजिम निम्न पद्धती अपनाईएको छ ।**

१) वस्ती/वडास्तरवाट योजना छनौट तथा प्राथमिकीकरण

२) योजना कार्यक्रमहरुको विषय क्षेत्रगत वर्गीकरण र प्राथमिकीकरण

३) सवै वडाहरुमा जनसंख्या, भूगोल र विकटता समेतका आधारमा न्यायोचित रुपमा बजेट वाँडफाँट

४) लक्षित वर्गको उत्थान तथा विकासमा जोड सहित समावेशीकरण हुने गरी बजेट तथा कार्यक्रमहरुको बाँडफाँट र प्राथमिकीकरण

५) एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकवाट आयोजना छनौट

६) कार्यपालिकावाट स्वीकृत

७) नगर सभामा प्रस्तुत

**२. आयोजना प्राथमिकीकरणका आधारहरु :**

योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ आधारमा निम्न आधारहरु लिईएको

- दुल्लू न.पा.को आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने
- आन्तरिक आय, राजश्व परिचालन र वृद्धिमा योगदान पुर्‍याउने
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने
- लैगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्‍याउने
- दिगो विकास, वातावरण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने
- जलवायू परिवर्तन अनुकूलन क्षमताको विकास गर्ने
- दुल्लू क्षेत्रको संस्कृति, सम्पदा र पहिचान बढाउने
- दुल्लू क्षेत्रको पर्यटन विकास गर्ने
- पोषण र खाद्य सुरक्षामा सहयोग पुग्ने ।
- कोभिड-१९ लगायतका प्राकृतिक महामारीजन्य रोग नियन्त्रण कार्यमा सहयोग पुग्ने

**३.१ चालु आ.व.०७६।०७७ मा दुल्लू न.पा.वाट सम्पादन भएका कार्यक्रमहरुको समिक्षा**

- दुल्लू नगरपालिकाको संशोधित वार्षिक वजेट रु. ७९ करोड २० लाख ९४ हजार २ सय ८९ मध्ये स्थानीय संचित कोष खातमा रु. ५५ करोड १ लाख ४८ हजार ८ सय ४३ रुपैयाँ पैसा २२ को निकासा भएकोमा उक्त रकम मध्ये चालु खर्च खातामा रु. २९ करोड १ लाख ८७ हजार २ सय ४६ रुपैया ४२ पैसा र पूजीगत खातामा रु. १० करोड ७६ लाख ९७ हजार २ सय ५० ट्रान्सफर भएको छ । जसमध्ये चालु खर्च तर्फ रु. २६

करोड ९७ लाख ४२ हजार २ सय मात्र खर्च भएको छ भने पूजिगत तर्फ  रु. ७ करोड ३२ लाख ७५ हजार २ सय ९० खर्च भएको देखिन्छ । चालु खर्च तर्फको रकम नगरपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च भएको छ भने पूजिगत खर्च तर्फको रकम नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको देखिन्छ ।

- दुल्लू न.पा. १ देखि १३ सम्मका वडामा गत परिषदवाट स्वीकृत र सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर सभावाट स्वीकृत भएका ५८० वटा योजना तथा कार्यक्रम मध्ये ३८९ वटा योजना उपभोक्ता समितिवाट सम्झौता भएका र ३१७ वटा योजनाको भुक्तानी समेत भईसकेको छ ।
- नगरपालिकाको निर्णय अनुसार ठेक्का प्रक्रिया मार्फत संचालन गरिनु पर्ने नगरपालिकाको अनुदानका साथै संघ, कर्णाली प्रदेश र अन्य सरकारी निकायहरुवाट प्राप्त अनुदान रकमवाट कार्यान्वयन हुने गरी भएका ४९ वटा विभिन्न ठेक्काहरु सम्झौता भई कार्यान्वयन भईरहेका छन् ।
- गत आ.व.देखि क्रमागत रुपमा निर्माण भईरहेका वडा नं. ३,४,५ र ९ नं. वडा कार्यालयको निर्माण कार्य सम्पन्न भएको र ७ नं. वडा कार्यालय ठेक्का प्रक्रिया मार्फत सम्झौता भई चालु आ.व.मा निर्माण चरणमा रहेकोछ ,
- नगरपालिकाको भवनको दोश्रो तला थप र नगर सभाहलको निर्माण कार्य सम्पन्न भई प्रयोग भईरहेको,
- नगरपालिका अन्तर्गत निर्माण भएका नगरका मुख्य सडक र वडा केन्द्रहरु सम्म पुग्ने विभिन्न वडाका सडकहरुको मर्मत सम्भार कार्य गरी नियमित संचालनमा रहेकाछन
- दुल्लू नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था नभएका वडा नं. १, ४, ५ र ७ मा वडास्तरीय सामुदायिक स्वास्थ्य केन्द्र स्थापना भई संचालनमा रहेका र संस्थाको भवन निर्माण कार्यको प्रक्रिया कार्य अगाडी बढी रहेकोछ ,
- नगरपालिका भित्रका असक्त अपांग र जोखिममा परेका नागरिकहरुका साथै विपद प्रकोप पिडित व्यक्तिहरुका लागि समेत आर्थिक सहयोगको व्यवस्था गरिएको छ ।
- दुल्लू नगरपालिका अन्तर्गत वडा नं. १ देखि १३ मा संचालित विद्यालयहरु मध्ये प्रत्येक वडामा १/१ वटा नमुना विद्यालय विकास कार्यक्रम संचालन गरी सोहि अनुसार कार्यक्रम संचालन गरिएकोछ ।
- नगरपालिका क्षेत्रका १० वटै स्वास्थ्य संस्थाहरुमा प्रसुती अवस्थामा महिला र नवजात शिशुले अकालमा ज्यान गुमाउन नपरोस भन्ने ध्येयका साथ २४ घण्टा सुरक्षित प्रसुती सेवा संचालन गरिएको छ ।
- दुल्लू नगरपालिकाका सबै वडाहरुमा खानेपानी निर्माण, खानेपानीका मुहान संरक्षण जस्ता क्रियाकलापहरु सचालन गरि नागरिकको स्वच्छ खानेपानी सेवामा सहज पंहुच पुराईएको छ साथै नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरी सो ले प्राथामिकिरण गरेका र नगर कार्यपालिकाले निर्णय गरेका विभिन्न वडाका मझौला खानेपानी आयोजनाहरु जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटाससंगको साझेदारीमा संचालन भईरहेका छन्,

- महिला स्वास्थ्य स्वयमसेविकाहरुको कार्यक्षमतालाई थप प्रभावकारी बनाउन प्रोत्साहन भत्ता वितरण गरिएको छ ।
- दुल्लू नगरपालिका लगायत छिमेकी पालिकाहरुमा रहेका महत्वपूर्ण धार्मिक सांस्कृतिक र पर्यटकीय क्षेत्रको पहिचानका लागि १११ स्थानमा सूचना र साईनेज बोर्ड राखिएको,
- विभिन्न वडामा रहेका वालवालिकाहरुको क्षमता विकासका लागि वाल संजाल गठनका क्रियाकलापहरु संचालन गरिएका छन
- परम्परागत रितीरिवाज र संस्कृतिहरुलाई प्रवर्द्धन गर्न विभिन्न मठमन्दिरहरुको निर्माण, पञ्चेवाजा संरक्षण गर्ने कार्य भएको छ ।
- सवै वडामा विद्यालयको शैक्षिक गुणस्तर सुधारका साथै भौतिक पूर्वाधार निर्माणका क्रियाकलापहरु संचालन गरिएका छन् ।
- महिलाहरुको सहभागिता वृद्धि हुने र हक अधिकार संग सम्वन्धित चेतनामुलक क्रियालापहरु विभिन्न पर्व र समारोह मार्फत संचालन गरिएका छन् ।
- सार्वजनिक जवाफदेहिता अभिवृद्धिका लागि पारदर्शिताको औजारको रुपमा वार्षिक योजना पुस्तिका प्रकाशन र त्रैमासिक बुलेटिन प्रकाशन भईरहेको छ, डिजिटल फल्यासवोर्ड मार्फत नगर र वडाको वजेट सार्वजनिक गरिएको तथा न.पा. विभिन्न सूचनाहरुलाई वेभसाईट मार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- हेल्भेटास नेपाल संग सम्झौता भई नगर आवधिक योजना निर्माणको चरणमा रहेकोछ ,
- नगरपालिकाले वार्षिक रुपमा सम्पादन गरेका कार्यहरुको स्वमूल्यांकन गर्ने कार्य यसै आ.व.देखि प्रारम्भ भएको छ ।
- दुल्लू नगरपालिकाले माग गरे बमोजिम रिक्त दरवन्दीमा लोकसेवा प्रक्रिया मार्फत पदपुर्ति हुनुका साथै सहयोगी स्तरका कर्मचारीहरु करारमा भर्ना गरी कार्य संचालन भईरहेको छ
- दुल्लू नगरपालिकाको कार्यपद्धतीलाई थप व्यवस्थित चुस्तदुरुस्त र छिटोछरितो गर्न विभिन्न सफ्टवयेरहरु जडान भई कार्यसंचालन भईरहेको र व्यक्तिगत अनलाईन घटनादर्ताको कार्य भईरहेको छ ।
- स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) सुत्र व्यवस्थापन गरी सोहि अनुसार भुक्तानी गर्ने गरिएको छ ।
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले २०७६/१२/११ गते देखि गरेको लकडाउन (वन्दावन्दी) को समय देखि नै नगर कार्यपालिकाको कार्यालय तदारुकताका साथ खटिई महामारी रोकथाम व्यवस्थापनका लागि जनप्रतिनिधिहरु, कर्मचारी, सुरक्षा निकाय, संघसंस्था लगायत सम्वद्ध निकायहरुको सह्ननीय सहयोग प्राप्त भईरहेको छ ।
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न स्थानीय प्रकोप व्यवस्थापन कोष स्थापना गरी सो मा ६१ लाख विभिन्न योजना संशोधन गरी रकम जम्मा गरिएको, साथै विभिन्न वडा कार्यालय तर्फको स्वीकृत बजेटवाट संशोधन गरी रु. २४ लाख १० हजार

सम्वन्धित वडा सचिब मार्फत खर्च गरिएको त्यसै गरी नगर कार्यपालिका कार्यालयका कर्मचारी तथा शिक्षकहरुको तलववाट १५ लाख ३९ हजार ९ सय २४ , कर्णाली प्रदेश सरकारवाट प्राप्त २० लाख, वातावरण सुधार वहुद्देश्यीय सहकारी संस्था दुल्लूवाट ४० हजार, निर्धन उत्थान बैंक दुल्लूवाट रु. १० हजार र प्रतिमा श्रेष्ठ काठमाडौबाट रु ४० हजार गरी कुल रु. १ करोड २१ लाख ३९ हजार ९ सय २४ मात्र स्थानीय विपद् व्यवस्थापन कोषमा जम्मा भएकोमा उक्त कोष व्यवस्थित र पारदर्शि रुपमा परिचालन गर्न कोरोना विपद् व्यवस्थापन कोष संचालन कार्यविधि निर्माण गरी सोहि बमोजिम गठित समितिको निर्णय अनुसार खर्च गरिएको, अन्य विभिन्न संघसंस्था र व्यक्तिहरुवाट करिव ५४ लाख वरावरको सुरक्षा सामग्री, खाद्यन्न, लत्ताकपडा लगायतका विभिन्न सामग्री प्राप्त भई क्वारेन्टाईन र आईशोलेनशन व्यवस्थापनमा खर्च गरिएको छ ।

## Lock Down अवधि देखि हाल सम्मको कोभिड १९ सम्वन्धि यस नगरपालिकाको तथ्यांक

### विवरण

| काठमाडौवाट आउने नागरिकहरुको संख्या | भारतवाट आएका नागरिकहरुको संख्या | क्वारेन्टीनको संख्या | आईशोलेशनको संख्या | आरडिटि नेगेटिभ भई घर गएको सख्या | आरडिटि पोजेटिभ संख्या | पिसिआर पोजेटिभ | पिसिआर नेगेटिभ भई डिस्चार्ज भएको संख्या | हाल आईशोलेशनमा रहेको पिसिआर पोजेटिभ सख्या | पिसिआर पोजेटिभ भई मृत्यू हुनेको सख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १९७ | ३१६४ | ४४ | २ | २८०५ | ७५ | ७६ | ४४ | ३२ | २ |

- मकैवारी देखिएको फौजी किरा नियन्त्रणका लागि कृषि विकास शाखा मार्फत मकैमा विषादी छर्किने कार्य भएको ।

### ३. विषयगत निकायहरुको कार्यक्रमको समिक्षा :

हाल सम्म सवै विषयगत निकायहरुवाट प्राप्त वजेट, कार्यक्रमहरु तत् तत् निकायका तालुक कार्यालयको स्वीकृत बजेट, नीति र कार्यक्रम अनुसार सम्पन्न हुने चरणमा रहेका छन । नगरपालिकावाट नगरपालिकावाट विनियोजित रकम समेत स्वीकृत कार्यक्रम तथा योजनाहरुमा खर्च भईरहेको छ ।

### ३.३ गैर सरकारी संघसंस्थाहरुवाट सम्पन्न कार्यक्रमहरुको समिक्षा :

यस दुल्लू नगरपालिका क्षेत्रमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले विभिन्न भौतिक पूर्वाधार निर्माण र लक्षित वर्ग क्षमता विकासका कार्यक्रम नगरपालिकासंगको समन्वयमा संचालन गरेकोमा ती कार्यक्रमहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको तर कोरोना  संक्रमणका कारण केहि कामहरु प्रभावित भए पनि आगामी आ.व. देखि थप प्रभावकारी बनाउँदै लिनु पर्ने अवस्था देखिएको छ ।

## ४.  आगामी आ.व.०७७।०७८ को नीति तथा कार्यक्रमहरु

### ४.१ सोच :

उपलव्ध स्रोतको प्रभावकारी परिचालन मार्फत समृद्ध दुल्लूको निर्माण गर्ने

### ४.२ लक्ष्य :

- कृषि, पर्यटन, पूर्वाधार विकास लगायत नागरिकहरुमा प्रत्यक्ष रोजगारी श्रृजना गर्ने कार्यक्रम तर्जुमा गरी आर्थिक सामाजिक रुपान्तरणका माध्यामवाट जनताको जीवनस्तर सुधार ल्याउने ।
- दुल्लू नगरपालिकाका धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्र पहिचान गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने

### ४.३ उद्देश्य :

- महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणवाट प्रभावित नागरिकहरुको जीवन रक्षाका लागि उपचार, राहत, जीवनयापनका लागि रोजगारीमुलक कार्यक्रमहरु संचालन गर्ने ,
- आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रगत योजनाको निर्माण कार्यमा नागरिकहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गर्ने गरी अन्तरसम्वन्धित गराई  दिगो विकासका संरचनाहरु निर्माण गर्ने ,
- नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा उल्लेख्य उपलव्धी हासिल गर्न संस्थागत विकास लगायत जनशक्ति विकास र क्षमता विकास हुने खालका कार्यक्रमहरु तर्जुमा गर्ने,
- व्यावसायीक कृषि खेति र पशुपालन गर्न कृषिहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरुको निर्माण गरी आयत प्रतिस्थापन र निर्यात व्यवस्थापन कार्यमा जोड दिने,
- नगरपालिका क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने
- लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तिकरण गरी समावेशी एवं समन्यायिक विकासको माध्यामवाट रोजगारीको अवसर श्रृजना गर्ने,
- सार्वजनिक श्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नविन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

### ४.४ अपेक्षित उपलव्धीहरु

विषय क्षेत्रगत योजना कार्यक्रम तथा नीतिको कार्यान्वयनवाट तत् तत् क्षेत्रमा क्रमस सुधार आई अनुभुति गर्न सक्ने गरी दुल्लूवासीको जीवनस्तर तथा जीवनशैलीमा सुधार आएको हुनेछ ।

### ४.५ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति आधारहरु

१) नेपालको संविधान
२) स्थानीय सरकार संचालन ऐन
३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
५) संघ र प्रदेश सरकारले अवलम्वन गरेका नीतिहरु
६) उपलव्ध स्रोत साधन आदी

सभाध्यक्ष महोदय,
अव म आगामी आ.व.२०७७।०७८ का लागि दुल्लू नगरपालिकाले अवलम्वन गरिने मुख्य मुख्य क्षेत्रगत नीति पेश गर्ने अनुमति चाहन्छु ।

### ५ क्षेत्रगत नीति तथा आधारहरु :

**क) राजश्व नीति :**

- राजश्वका दर तथा दायरलाई फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्तनकारी क्षेत्रको पहिचान गरिनेछ ।
- कर तिर्न प्रोत्साहन गरी समयमै कर बुझाउनेलाई छुट तथा विलम्व गर्नेलाई विलम्व शुल्क लिने व्यवस्था गरिने छ ।
- साना तथा ठुला व्याबसाय बिकास,  करको दायरामा बिस्तार र नियमन गरिनेछ ।
- स्थानीय वजार अनुगमनका माध्यामवाट व्यापार व्यावसाय संचालन गरिरहेका तर करको दायरामा नआएका व्यवसायीहरुलाई करको दायरामा आउन प्रोत्साहित गरिनेछ ।
- दुल्लू नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न नदी तथा घाटहरुवाट अनियन्त्रीत रुपमा ढुंगा गिट्टी वालुवा ओसार पसार गर्ने कार्य भईरहेकोमा सो लाई नियन्त्रण गरि थप राजश्व अभिवृद्धिका लागि ढुंगा, गिट्टी वालुवा उत्खनन् गर्ने गराउने नीति अख्तियार गरिनेछ ।
- वन र वनपैदावरलाई विक्रि वितरण गर्दा उठ्ने राजश्वको १० प्रतिशत रकम न.पा.मा जम्मा हुने व्यवस्थाका लागि प्रदेश सरकारसंग समन्वयमा कार्य अगाडी बढाईनेछ ।

ख) आर्थिक विकास नीति :

- बाझो जग्गालाइ उपयोग गर्दै, रोजगारी सृजनागरी गरिबी निवारण गर्ने ।
- कृषिको बिकास, आधुनिकीकरण, ब्याबसायीकरण तथा बजार प्रबर्द्धन गर्दै लगिने छ ।
- घरेलु उद्योग प्रबर्द्धन तथा ठुला उद्योगका लागि कच्चा पदार्थको उत्पादन र निकासी गरिनेछ
- पर्यटन बिस्तारमा टेवा, प्रचार प्रचार, होमस्टे संचालन गरिनेछ ।
- कृषि तथा पशुपालन र न.पा.मा हस्तान्तरण भई आएका सहकारीहरुलाई लक्षित गरी आर्थिक विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।
- बित्तीय श्रोतमा जनसमुदायको प्रत्यक्ष पहुँच बिस्तार र बिकासमा जोड दिईनेछ ।
- नगर क्षेत्रलाई खाद्यन्नमा आत्मनिर्भरता वनाउन एक गाउँ एक उत्पादनको कार्यक्रमलाई अगाडि बढाउनु साथै नगर क्षेत्र भित्र रहेको बाँझो जमिनमा सामुहिक, समुहगत र व्यक्ति खेती गरी कृषि उत्पादनमा वृद्धि र स्वरोजगारी श्रृजना गरिनेछ ।
- निर्यातयोग्य वस्तुहरुको वजारीकरण गर्दै उत्पादकत्वलाई वृद्धि गरिने छ ।
- मासु, अण्डा र तरकारीमा नगरपालिकालाई आत्म निर्भर बनाउन पहल गरिनेछ ।
- नीजि, सार्वजनिक र सहकारीको माध्यामवाट साझेदारी उद्योगहरु स्थापना गरिने छ ।
- हरेक नागरिकले बैंक खाता खोली सोहि मार्फत आर्थिक कारोवार गरी आफ्नो आम्दानीको वचत र सुरक्षा गर्न नगरपालिकावाट सन्देशमुलक सूचना प्रवाह गरिनेछ ।
- बैंक, आर्थिक बैंक, फाईनान्स, सहकारीहरुको अभिलेख व्यवस्थापन गरी सेवाप्रवाहको सन्तुष्टि मापन गर्ने र आवश्यक सल्लाह सुझावको लागि नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्ने रणनीति अवलम्वन गरिनेछ ।
- विभिन्न निकायसंग समन्वय तथा सहकार्य गरी सितभण्डार स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
- विषादी न्यूनिकरण गरी जैविक कृषि प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
- रैथानेवालीको संरक्षण गरी स्थानीयस्तरमा वीउबैंक स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय प्रविधि मार्फत जैविक विषादी निर्माणको स्थानीय प्राविधिक उत्पादन गर्ने व्यवस्था मिलाईनेछ ।
- प्राङ्गारिक मलखाद कारखानाको स्थापना गरी मलमा आत्मनिरभर नगरपालिका बनाईनेछ ।
- कृषि औजार कारखानाको स्थापनामा निजी सार्वजनिक सहकारी र तिनवटै तहको सरकारको सहभागितामा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- पशु वधशाला निर्माण गरी उपभोक्ताहरुलाई स्वच्छ र सुरक्षित मासु उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

- पशु प्रयोगशालाको स्थापना गर्न सम्वन्धित निकायमा पहल गरी पशुपंक्षीमा हुने विभिन्न खाले रोगकोको नियन्त्रण गर्ने व्यवस्था मिलाईनेछ ।
- वेरोजगारी समस्या समाधानका लागि नगरस्तरमा संचालन गरिने योजना तथा कार्यक्रमहरुमा श्रममैत्री बनाइनेछ ।
- दुल्लू नगरपालिका अर्न्तरगतका १ देखी १३ वटै वडाहरूलाई एक वडा एक कृषि वालीबस्तु पकेट पहिचान क्षेत्र निर्माण गरिनेछ ।
- क्षेत्रीय सम्भाव्यताका आधारमा भौगोलिक विशेषता प्रतिविम्वित हुनेगरी उष्ण,उपोष्ण र समशितोष्ण अनुसारको जलवायू अनुसारको उपयूक्त व्यावसायीक पकेट क्षेत्रको विकास गर्न एकीकृत प्याकेज कार्यक्रम लागु गरिनेछ । यसमा कम आयतन बढी मुल्य पर्ने अलैची,मौरी, च्याउ, कफी, जडीबुटी फलफुल, स्याउ,केरा,आप,किवी,एभोकाडो लिची,नास्पाती, हलुवावेद,अनार तथा अमिलो जातका फलफुल बेमौसमी तरकारी, तरकारी विउ,मसला बालीमा विशेष जोड दिइनेछ ।
- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन बाझो जमीनको कार्य योजना बनाई खेतीकार्य अगाडी बढाइनेछ ।
- वडाको सम्भाव्यता अध्ययन गरी कृषि पकेट क्षेत्र विशेष कार्यक्रम संचालन गर्ने
- एक वडा एक नर्सरी व्याड स्थापना गरी वडास्तरवाटै आवश्यक वीउविजन (कृषि, फलफूल, जडीवुटी लगायत) वडास्तरमै हुने वातावरणको श्रृजना गर्ने
- व्यावसायीक कृषकहरूको स्तरीकरण गरी कृषक प्रोत्साहनका कार्यक्रमहरू संचालन गर्ने
- कृषि क्षेत्रको उत्पादन बृद्धी गराउन भौगोलिक स्थिति अनुसार स्थानीयस्तरमा उपलब्ध जलश्रोत मुहान लाई साना सिंचाई,पाइप सिंचाइ,कुलो ,पोखरी सितल थोपा र प्लाष्टिक पोखरी प्रयोगमा ल्याउन जोड दिइनेछ । साथै उपलब्ध सिचाईले बाली सघनतामा बृद्धी भई खाद्य सुरक्षा तथा रोजगारीको अवसर सिर्जना गरिनेछ जसबाट गरिवी निवारणमा टेवा पुग्नेछ ।
- जैविक विविधताको संरक्षण गर्दै नदी र वनमा खेती प्रणालीको विकास गरिनेछ ।
- विषादीको न्यूनतम प्रयोगको निमित्त एकीकृत बालि संरक्षण प्रविधि (आइ.पि.एम) का ब्यवस्थापन प्रणलीको प्रर्वद्धन गरिनुको साथै प्रागारिक मल,जैविक मल, जैविक विषादी तथा मलमा आधारित कृषि उत्पादन (अर्गानिक खेतीलाई) जोड दिइनेछ ।
- खाद्य,दलहन, तेलहन,मसला,र कृषि जडीबुटी वागवानी आलंकारीक पुष्पजस्ता क्षेत्रहरूमा दिगो उत्पादन गर्न र उत्पादकत्व अभिवृद्धी गर्न कृषि जैविक विविधता संरक्षण, र रैथाने लोपोन्मुख बाली फापर चिनो कागुनो उवा कोदो जस्ता बाली प्रर्वद्धनका लागी अध्ययन अनुसन्धान सगै उपयोग गर्न निजी,सहकारी,कृर्षि समूह क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- वातावरण संरक्षण र प्रदुषण न्यूनिकरण गर्न कृषि पर्यावरण कार्यमा जोड दिईनेछ ।

- माटो परिक्षण,माटो उपचार र माटोको उर्वराशक्ति बढाउनेजस्ता कार्यक्रम संचालन गरिनेछ ।
- कृषि बजार विस्तार गर्न स्थानीयस्तरमा कृषि बजार,संकलन केन्द्र,थोक बजार र हाट बजार निर्माणको साथै शीतभण्डार स्थापनामा पहल गरिनेछ र कृषि उपज मुल्य सुचना पाटि संचालनमा ल्याईनेछ ।
- दुल्लू नगर भित्र नगरस्तरीय स साना कृषि प्रसोधन र भण्डारणको व्यवस्था गरिनेछ ।
- विज बृद्धी (धान,मकै,गहु) कार्यक्रम सहकारी,कृषि सहकारी कृषि समूह कृषि फर्ममा संचालन गरी आगामी वर्ष नगरलाई आवश्यक पर्ने उन्नत विउ त्यस्ता समूहबाट पुर्ति गरिनेछ ।
- बाँझो जग्गा सदुपयोग गर्न विदेशबाट फकिएका बेरोजगार ,कृषि पढेका यूवा, महीला कृषक जनशक्तिलाई कृषि ऋण सरल सुलभ उपलब्ध गराउन वित्तिय संघ सस्थाहरूसंग समन्वय र सहकार्य गरिनेछ ।
- बाली बिमा कार्यक्रमलाई व्यापक विस्तार र संचालनमा गरिनेछ ।
- किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरण सुनिश्चित गरिनेछ ।
- कृषिमा विकास र आधुनिकिकरण गर्न कृषि यान्त्रिकरणका कार्यक्रम संचालनमा ल्याईनेछ ।
- सजावटयुक्त कृषि पर्यटनमा (Decorative Agro Truism) जोड दिइने छ ।
- विपन्न,अति विपन्न दलित,जनजाती आदिवासी अल्पसंख्यक अपाग,असाहय,एकल वृद्धा,वृद्धहरूको लागी कम श्रम कम लगानीमा (कन्ये च्याउ,मौरी पालन अलैची, कफी जस्ता कार्य) बढी प्रतिफल प्राप्त गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- कृषि विकासका लागी अल्पकालीन र दिर्घकालीन योजनाको विकास साझेदारहरूको समन्वयमा गुरू योजना बनाईनेछ ।
- हिउदे तथा वर्षे फलफुल नर्सरीहरूको स्थापना भईसकेका तथा नयाँ स्थापना कार्यमा प्रर्वद्धन र सहयोग गरिनेछ ।
- यस नगरभित्रका किसानका खेतबारीका समस्या,गुनासो सुनुवाई र समधान तथा परामर्शको लागी ( निशुल्क फोन गर्दा पैसा नलाग्ने टोल फ्री नंम्वर) किसान कल सेन्टरको संचालनमा ल्याईनेछ ।
- कृषि र शिक्षालाइ जोडि असल कृषक तयार गरिने छ ।
- कृषिको लागि आवश्यक दक्ष जनशक्ति सेवा करार र स्थायी पदपुर्ति मार्फत सेवा प्रभावकारी बनाईनेछ ।
- पशुपालन ब्यबसायलाई आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गर्ने निति लिइने छ ।
- निर्वाहामुखी पशुपालनलाई आधुनिक एवं ब्यबसायीक पशुपंक्षीपालनको रूपमा विकास गरी दुध, मासु र अण्डामा आत्मनिर्भर गराईने छ ।

- हाल दानामा आधारति पशुपालन वाट पशु एवं पशुजन्य उत्पादनमा देखियको उच्च लागतलाइ न्युनिकरण गर्न घांसमा अधारित पशुपालनलाई जोड दिइने छ । जसका लागि बर्षै भरी हरियो घांस उत्पादन गर्न उन्नत जातको घांस खेति लाई उच्च महत्व दिई उन्नतजातका घांस खेतिको लागि उन्नत एवं पोषिलो घांसको विउ तथा बेर्ना वितरण गरिने छ । र घांस पराल काट्ने चारा मेसिन च्यापकटहर सहकार्यमा वितरण गरी कृषकहरूले लाभलिने छन ।

- पशुपालनको उत्पादन एवं उत्पादकत्व बृद्दि गर्न पशु नश्ल सुधारको निति अवलम्वन गरिने छ । नश्ल सुधारका लागि  गाई भैसी र बाखामा कृतिम गर्भाधानको कार्यलाई अभियानकै रूपमा सन्चालन गरि पशु जन्य उत्पादनमा वृद्धी गरिने छ ।

- पशु बस्तुको स्रोत केन्द्र स्थापना गर्न गाई भैसी र बाखाको पकेट क्षेत्र छनौट गरी कृषक समुह, पशुपालन सहकारी, दुध उत्पादन सहकारी मार्फत कार्यक्रम सन्चालन गरीने छ ।

- पशु स्वास्थ्य कार्यक्रम अन्तरगत विरामी पशुको औषधि उपचार, रोगनिरोधक खोप, महामारी नियन्त्रण कार्यक्रम नियमित रूपमा सन्चालन गरिने छ । सेवाको पहुंचवाट टाढा रहेको क्षेत्रमा निशुल्क पशु स्वास्थ्य शिविर सन्चालन गरिने छ ।

- पशु वस्तुको रोग निदानको लागी मिनिल्याव स्थापना गरिने छ साथै रोग निदानको लागि पशुवस्तुको नमुना संकलन गरी क्षेत्रिय, केन्द्रिय पशुरोग अन्वेषण प्रयोगशालामा पठाइने छ ।

- परम्परागत रूपमा रहेका कृषकहरूका लागि गोठ, भकारो सुधारको कार्यक्रम ल्याइने छ । पशु उत्पादनको वजारिकरणको लागि मिल्क क्यान वितरण गरिने छ । पशु उत्पादन बजारिकरणका लागी डेरी पशल सुधार, मासु पसल सुधार र दुध संकलन केन्द्र स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

- ब्यबसायिक कुखुरा पालक कृषकको लागि प्रतिस्पर्धाका आधारमा फर्म सुधारका कार्यक्रम ल्याइने छ ।

- कृषकहरूका लागी ब्यबसायीक पशुपालन तालिम, उन्नत घांस खेति तालिम, सन्तुलित पशु आहारा बनाउने तालिम र पशु विमा सम्बन्धि तालिमको ब्यबस्था गरिने छ ।

- पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तरगत पशु औषधि पसल, पसुपंक्षि फार्म, मासु पशलको तथ्याक संकलन , अनुगमन, निरीक्षण गरी प्रतिवेदन तयार गरिने छ । साथै यस क्षेत्रमा काम गरिरहेका पशु स्वास्थ्य कर्मी दर्ता तथा नविकरण गरिने छ ।

- युवाहरूलाई पशुपालन क्षेत्रमा आकर्षण गरी स्वदेसमै रोजगारका अवसर हरूको सृजना गर्न युवाहरूको लागी युवा लक्षीत पशुपालन कार्यक्रम ल्याइने छ । जस्मा प्रतिस्पर्धाका आधारमा गाई पालन, भैंसी पालन, बाख्रा पालन, बंगुर पालन र बजारिकरण जस्ता कार्यक्रम सन्चालन गर्न अनुदान उपलब्ध गराइने छ ।
- दुल्लू नगरपालिका वडा नं. ४ को कृष्णकोटमा पशु रोग नियन्त्रण प्रयोगशालाको स्थापना गरिनेछ ।
- वाजो जग्गामा सामुहिक घाँस खेति गरी उत्कृष्ट कृषकहरूलाइ प्रोत्साहान गरिने छ ।

ग) सामाजिक क्षेत्र विकास नीति :

- जनप्रतिनिधि, कर्मचारी, सामुदायिक नेतृत्वकर्ताहरुको वृद्धि विकासमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक संस्थाहरुलाई इन्टरनेट संजालमा समेटिनेछ ।
- फरक क्षमता भएका वालवालिका युवाहरुका लागि विशेषज्ञानसीप धारणा हुने खालका कार्यक्रममा जोड दिइनेछ ।
- लैंगिक, सामाजिक, सांस्कृतिक रुपमा पछाडी पारिएका समुदायका सामुदायिक संस्थाहरुको संस्थागत विकासमा जोड दिईनेछ ।
- नगरपालिकामा दर्ता भएका आमा समुह, सहकारी, कृषक समुह, उद्यमी र व्यासायीक संघसंस्थाको क्षमता विकास र राजश्व परिचालनमा विशेष जोड दिईनेछ ।
- स्वास्थ्य संस्थाको स्तरबृद्धि र गुणस्तरीय सेवा प्रवाहमा जोड दिनुका साथै न.पा. क्षेत्र भित्र रहेका सबै स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुती सेवा संचालन गरी मातृ तथा शिशु मृत्यूदरलाई न्यूनिकरण गरिने छ ।
- दुल्लू नगरपालिकाको मातहतमा संचालित दुल्लू अस्पतालको संस्थागत विकास र पूर्वाधार विकासका कार्यक्रम संचालन गरी अस्पताललाई स्तरवृद्धि गरिनेछ । दुल्लू अस्पतालमा सुविधा सम्पन्न ल्यावको स्थापना गर्न पहल गरिनेछ ।
- सहरी स्वास्थ्य केन्द्र विनायकको स्तरवृद्धि गरिनेछ साथै ल्याव सेवा, गर्भवती सेवा र एम्वुलेन्स सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- छिउडीपूसाकोट स्वास्थ्य चौकीलाई सरुवा रोग अस्पतालको रुपमा विकास गर्न गुरु योजना तयार गरिनेछ ।
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण यस नगरपालिकामा फैलिएकोले सो को रोकथाम र व्यवस्थापनका लागि दुल्लू अस्पतालमा निर्माण भईरहेको आईसोलेशन भवन, पिसिआर ल्याव लगायतका संरचनाको विकास गरी समुदायस्तरमा फैलिन सक्ने संक्रमणको जोखिमलाई न्यूनिकरण

गर्नुका साथै आगामी दिनमा फैलिन सक्ने कोरोना भाईरस जस्ता अन्य महामारीको व्यवस्थापनका लागि स्वास्थ्य संस्थाहरुको संस्थागत विकास र जनशक्ति विकास तर्फ विशेष पहल गरिने छ ।

- रोग प्रतिरोधात्मक क्षमता विकास गर्न योग र आयुर्वेदलाइ प्रथमिकता दिइने छ ।
- आधारभुत शिक्षामा सवैको पहुँच सुनिश्चित गर्नुका साथै प्रत्येक वडामा एक एक वटा नमुना विद्यालय संचालनमा ल्याईनेछ ।
- वालविवाह, वहुविवाह, छाउपडी, बोक्सी जस्ता कुप्रथा र घरेलु हिंसा अन्त्यका लागि जनचेतना र प्रचार प्रसारका कार्यक्रम एकिकृत र समन्वयात्मक रुपमा संचालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणका माध्यामवाट पछाडी परेका वर्ग र समुदायका लागि प्रभावकारी रुपमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- दलित, जनजाती आदि समुदायका परम्परागतरुपमा चलि आएका सीप, पेशा र व्यवसायलाई संरक्षण गर्दै समायानुकुल प्रवर्द्धन र विकास गर्दै लगिने छ ।
- युवा तथा वालवालिकाहरुको अधिकार सुनिश्चित गर्दै तिनको क्षमता विकासका लागि खेलकुद क्षेत्रमा जोड दिईनेछ ।
- महिला उद्यमी र महिला कृषक उत्थान र विकासमा जोड दिईनेछ ।
- बहुक्षेत्रीय पोषण योजना तथा खाध्य सुरक्षा कार्यक्रम कार्यान्वयनमा विशेष प्राथामिकता दिईनेछ ।
- जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वा वृत्ति प्राप्त गर्ने व्यक्तिहरुको नामावली अध्यावधिक गरिने छ र सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्थालाई बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी प्रक्रियाको लागि सम्वद्ध निकायमा विशेष पहल गरिनेछ र यस सम्वन्धी जनचेतनामुलक कार्यक्रम संघन रुपमा सबै वडामा संचालन गरिनेछ ।
- स्वच्छ खानेपानीमा पहुँच तथा सरसफाई चेतनाको बिस्तार गरिनेछ ।
- सांस्कृतिक/पुरातात्विक सम्पदाको संरक्षण, बिकास र प्रबर्द्धन गर्दै जाने नीति लिईनेछ ।
- विद्यार्थी र शिक्षकको अनुपात तथा विद्यालयको श्रोत, साधन, भौतिक पूर्वाधारको अवस्थालाई मध्येनजर गर्दै दरवन्दी व्यवस्थापन गरिनुका साथै विद्यालय समायोजनको नीति अवलम्वन गरिने छ ।
- मुर्त र अमुर्त सम्पदा संरक्षण, प्रचार प्रसारका लागि पर्यटन सूचना केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित पारिनेछ ।
- नगरमा नुमनाको रुपमा उद्यमशिल विद्यालयको स्थापना र पठनपाठनको लागि व्यवस्था मिलाईनेछ ।
- सामाजिक कुप्रथाका रुपमा रहेका वालविवाह, छाउपडी प्रथाको रोकथाम र नियन्त्रणका लागि आवश्यक प्रवन्धहरु गरिनेछ । साथै अवैध मदिरा उत्पादन ओसार पसार र वेचविखन जस्ता कार्यवाट समाजमा घट्ने अपराधिक घटना र घरेलुहिंसा न्यूनिकरणका लागि वडास्तरमा अभियानमुलक कार्यक्रम संचालन गरिनेछ ।

- हिंसापिडित तथा जोखिममा परेका महिला तथा वालवालिकाहरुको लागि आपतकालिन गृह संचालनमा ल्याईएको हुनेछ ।
- स्वस्थ, संमृद्ध र सुखारी नागरिक निर्माण गर्न प्रकृतिक स्रोत व्यवस्थापन कलेज, पञ्चकोशी बहुप्राविधिक शिक्षालय, कृषि, पशु लगायतका प्राविधिक विद्यालयहरु, उद्यमशील विद्यालय, आयुर्वेद र योगका माध्यामबाट नविन रोजगारका अवसर सिर्जना गरी गरिबी निवारण गर्ने दुल्लू नगरपालिकाको शिक्षा नीति रहने छ ।
- सिकाइ र कमाइ संगसंगै गर्ने विद्यालय यसै आ.व. वाट संचालन गरिने छ ।
- विद्यालय उमेरका सबै बालबालिकालाइ विद्यालय भिकाउ, टिकाउ, सिकाउ र विकाउ कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीलाइ कम्तीमा माध्यामिक तह पूरा गर्ने व्यवस्था मिलाइनेछ ।
- पाँच बर्ष मुनिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि दुल्लू नगरपालिकामा प्रारम्भिक बालविकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विश्वव्यापी महामारी कोभिड-१९ ले हाम्रा शिक्षालयहरु क्वारेन्टाइन तथा आइसोलेसनका रुपमा प्रयोगमा रहेका छन । त्यस्ता विद्यालयहरुलाई स्वस्थ, सफा र सुरक्षित गर्न विद्यालय स्यानिटाईज कार्यक्रम सञ्चालन गरी सुरक्षित रुपमा विद्यालय सञ्चालन गरी बालबालिकाको शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरिनेछ ।
- बदलिदो समय र कोभिड-१९ को प्रभाव समेतलाई मध्यनजर गरी प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रोत्साहन र प्रवर्द्धन गर्नुका साथै प्रविधिमैत्री जनशक्ति र पूर्वाधार विकास गर्न प्रदेस र संघीय सरकार सँग सहकार्य गरिनेछ ।
- यस नगरपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मासिक रुपमा विद्यालय अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण गरिनेछ ।
- विद्यार्थीको सिकाई उपलब्धी मापनका लागि मापदण्ड तयार गरी आधारभूत तहमा नगरपालिकाद्धारा परीक्षा सञ्चालन गरी उच्चतम उपलब्धी हाँसिल गर्ने विषयगत शिक्षकहरुलाई पुरस्कृत गरिनेछ ।
- विद्यार्थीहरुमा लुकेर रहेका प्रतिभा पहिचान गर्नका लागि नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछन् । साथै राष्ट्रिय अन्तराष्ट्रिय संजालहरुमा विद्यालयलाई साभेदारी संजालीकरण र बजारीकरण गरिनेछ । जसले मुर्त र अमुर्त संस्कृति संरक्षणमा टेवा पुग्नेछ ।
- आधारभूत तहको अन्तमा नगरस्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने एक-एक जना छात्र छात्रालाई पुरस्कृत गरिनेछ ।

- विषयगत शिक्षक, विद्यालय कर्मचारीहरुको क्षामता विकासका लागि तालिम सञ्चालन गरिनेछ । बिना दरबन्दीमा सञ्चालनमा रहेका विद्यालयहरुलाई अनुदान प्रदान गरिनेछ । साथै त्यस्ता विद्यालयहरुलाई सहकारी विद्यालयमा जान प्रोत्साहित गरिनेछ ।

- साबिकको शान्ति तथा पुननिर्माण मन्त्रालयबाट दुल्लू नगरपालिकालाई हस्तान्तरण भएका अधुरा रहेका विद्यालय भवन निर्माण लाई पूर्णता दिइनेछ । साथै अन्य अधुरा, अपुरा विद्यालयलाई पूर्णता दिनका लागि प्रदेश र संघीय सरकारसँग सहकार्य गर्ने ।

- दुल्लू नगरपालिका भित्रका एकल महिलाका सन्तान, टुहुरा, दलित, गरिब एवं उत्पीडित वर्गका विद्यार्थीहरुलाई आवासीय रुपमा पठनपाठनको व्यवस्था गरिनेछ ।

- कोभिड-१९ को प्रभाव लामो समयसम्म रहिरहेमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद, समाजसेवी, एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ, संस्थाको सहयोगमा विद्यार्थीको सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गरी बालबालिकाको शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरिने छ ।

- स्थानीय पाठ्यक्रमलाई पूर्णता प्रदान गरि यस नगर भित्रका आधारभूत विद्यालयहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- धार्मिक विद्यालयको सञ्चालनका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ ।

- कृषि विषयको कक्षा ९ देखि १२ का विद्यार्थीहरुलाई आवासीयरुपमा विद्यालयमा राखेर पूर्ण रुपमा व्यवस्थापिका प्राविधिक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

- समतामय समुन्नत समाज निमार्णका लागि लैंगिक उत्तरदायि बजेट मार्फत नगरका सम्पूर्ण विकास निमार्ण लगायतका क्रियाकलापमा महिला सहभागिता सूनिश्चित गर्ने तथा लैंगिक लेखा परिक्षण समेत गरि सम्पूर्ण निकायलाई लैंगिक संवेदनशिल तुल्याइने छ ।

- ग्रामिण महिलाहरुको जीविकोपार्जनमा सुधार गर्नका निम्ति महिलाहरुलाई सामूहिक व्यवसायिक क्रियाकलाप संचालनमा जोड दिइनेछ ।यसका लागि व्यवसायिक रुपमा प्रशिक्षण दिई इच्छुक महिलाहरुलाई सहूलियत ऋण तथा अनुदानको समेत व्यवस्था मिलाइने छ ।

- महिला सशक्तिकरण , समावेशिकरण र मूलप्रवाहिकरणका लागि महिला समूह ,समिति , संस्था गठन तथा परिचालन,नेतृत्व तथा संस्थागत विकास तालिम र  महिला पुरुष समविकास तालिम संचालन गरिने छ ।

- विश्वव्यापी महामारी कोभिड -१९  लगायत अन्य विभिन्न विपद् ,लैंगिक हिंसा तथा घरेलु हिंसा जस्ता समस्याबाट पिडित एवं प्रभावित विद्यार्थी, बालवालवालिका, महिलाहरुका लागि मनोसामाजिक परामर्श लगाएतको एकिकृत सेवा सहितको पुनर्स्थाना केन्द्र संचालन तथा व्यवस्थापन गरिने छ ।

- यस नगरपालिकामा रहका मानसिक रोगीहरुको मानसिक स्वास्थ्य तथा परामर्श कार्यका लागि मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालको समावेशी सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रमसंग विशेष पहल गरी मानसिक स्वास्थ्यका कार्यक्रम संचालन गरिनुका साथै नगरपालिकामा मानसिक स्वास्थ्य तथा परामर्श र सो सम्वन्धि उपचार केन्द्रको रुपमा दुल्लू अस्पताल र विनायक सहरी स्वास्थ्य केन्द्रलाई विकास गर्दै लगिने छ ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांगता भएका व्यक्तिहरुको उपचार, उद्धार तथा जीविकोपार्जनका लागि कार्यक्रमहरु संचालनल गरिनेछ ।
- साथै यस्ता समस्याबाट पिडित महिलाहरुको लागि लैंगिक हिंसा उद्धार कोष तथा एकल महिला सुरक्षा कोषको समेत व्यवस्था गरिने छ।

- महिला विकास कार्यक्रमलाई परिमार्जन गरि विगतका असल अभ्यास र उपलब्धिलाई संस्थागत गर्दै महिला समूहद्धारा प्रवर्द्धित सहकारी संस्थाहरुलाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिने छ ।

- महिला उपर हुने सबै प्रकारका हिंसा , विधिन्न सामाजिक कुप्रथा लगाएत अन्य विकृतिहरुको न्यूनिकरणका लागि विभिन्न दिवसिय कार्यक्रम मार्फत सचेतना अभिवृद्धि अभियान संचालन गरिने छ ।

- एकल महिलाका सन्तानलाई आवासीय रुपमा पठन पाठनको व्यवस्था मिलाइने छ ।

- बालअधिकार सुनिश्चत भएको बालमैत्री वडा तथा नगर निमार्ण गर्नका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

- आपत्कालिन अवस्थाका बालबालिकाको उद्धार र संरक्षणका लागि बालबालिका खोजतलास नं **१०४** र **बाल हेल्पलाईन  नं १०९८** को सेवा सुचारु ,प्रचारप्रसार तथा व्यवस्थापन गरिने छ ।

- बालबालिका उपर हुने सबै प्रकारका शारीरिक, मानसिक ,यौनजन्य दुर्व्यवहार , बालश्रम, बालविवाह, बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध शुन्य सहनशीलको नीति अवलम्वन गर्दै यस्तो अवस्थाबाट पिडित प्रभावित बालबालिका तथा किशोरकिशोरीहरुका लागि मनोसामाजिक परामर्श सेवा तथा आपत्कालिन बाल उद्धार कोषको व्यवस्था गरिने छ ।

- विद्यालयमा बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक दण्ड,कष्ट, दुर्व्यवहार र लैङ्गिकतामा आधारित हिंसालाई पूर्ण निरुत्साहित गरि त्यस्ता कार्यलाई दण्डका आधारमा नियन्तत्रण गरिने छ ।

- बालबालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाका प्रत्यक वडामा बाल क्लब, बाल समुह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा परिचालनलाई विस्तार गरि बाल सहभागिता सिर्जनशिलता बढाइने छ ।

- ज्येष्ठ नागरिकको सम्मानित र मर्यादित  जीवनयापनका लागि पारिवारिक र सामाजिक रुपमा ज्येष्ठ नागरिकको स्याहार सुसार र हेरचाहका लागि उपयुक्त वातावरण तयार गरिने छ ।

- ज्येष्ठ नागरिकले समाजमा पुऱ्याएको  योगदानको आधारमा सम्मान र आदर गरिने छ ।

- विभिन्न हिंसा पिडित, असहाय, एकल ,विदुर , शारीरिक  एवं मानसिक रुपमा कमजोर लगायत जोखिममा परेका ज्येष्ठ नागरिकलाई  विभिन्न सेवा सुविधामा विशेष छुट र सहूलियतको व्यवस्थाका साथै आवश्यक परेमा मनोसामाजिक परामर्श सेवा समेत प्रदान गरिने छ ।

- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण,छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गर्न विद्यालयसंग सहकार्य गरिने छ ।

- ज्येष्ठ नागरिकको मनोरञ्जनका लागि विभिन्न वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब जस्ता विभिन्न संस्थाहरु गठन तथा परिचालनको व्यवस्था मिलाइने छ ।

- अपाङ्गता भएका नागरिक नागरिकको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ ।

- अपाङ्गता भएका व्यक्तिप्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण साथै आवश्यक परेका अपाङ्गता भएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

- शारीरिक, मानसिक, बौद्धिक, अटिज्म , तथा डाउनसिन्ड्रोम जस्ता विशेष तथा जटिल प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग संरक्षण कोषको व्यवस्था मिलाईने छ ।

- अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्नामा प्राथमिकता र शिक्षण सिकाई पद्धति तथा पाठ्यक्रम अपाङ्गमैत्री बनाई सबै अपाङ्गता भएका बालबालिकाको पहूँच वृद्धि गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापन सहज बनाउन प्रत्येक वडामा सहायक सामग्रीको वितरणको व्यवस्था मिलाई उनीहरुको आवागनलाई सरल र व्यवस्थित बनाईने छ ।

**घ) पूर्वाधार क्षेत्र विकास नीति :**

- संघीय सरकारका ४ वटा राष्ट्रिय सडकलाई पूर्ण रुपमा कालो पत्रे गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।
- नगरको केन्द्र र सबै वडाको केन्द्रमा १२ महिना चल्ने गरी सडक निर्माण तथा स्तर बृद्धिका लागि केन्द्र तथा प्रदेश सरकारसंगको समन्वयमा आवश्यक पहल गरिने छ ।
- कृषि उत्पादन बढाउन सिचाईलाई प्राथमिकता दिनुका साथै नगर सिंचाई गुरुयोजना निर्माण गरिनेछ ।
- सहरी विकासको मापदण्ड र भवनसंहिता अनुसार भवन, घर निर्माण गर्ने नीति लिईनेछ ।
- सिटीहल, बसपार्क र ल्याण्डफिल्ड साईडको निर्माणका लागि पहल र समन्वय गरिनेछ ।
- नगर विकास योजना निर्माण गर्नुका साथै नगर क्षेत्र भित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक र सास्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विकासका गर्ने खालका कार्यक्रमहरु संचालन गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।
- पंचकोशी चक्रपथ संघ र प्रदेशको समन्वयमा निर्माण र स्तरउन्नती गरी संचालनमा ल्याईनेछ ।
- एक वडा एक सहरी पूर्वाधार विकासको नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा निर्माण हुने भौतिक पूर्वाधारहरुको गुणस्तरीयता कायम गर्न पूर्व सम्भाव्यता अध्ययन प्रश्चात मात्र वजेट विनियोजन गरि कार्यान्वयन गर्ने परिपाटीको थालनी गरिनेछ ।
- पंचकोशी वहुप्राविधिक शिक्षालय मार्फत G to G मोडलमा दिगो पूर्वाधार विकास कार्यक्रममा आवश्यक सहयोग गरिनेछ ।
- स्थानीय रोजगारीलाई मध्येनजर गरी नगर तथा वडावाट संचालन हुने पूर्वाधारजन्य योजनाहरु मध्ये ६० लाख रकम सम्मका योजनाहरुलाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

ङ ) **वन, वातावरण तथा विपद् व्यवस्थापन नीति :**

- स्थानीय वन ऐनको कार्यान्वयनमा विशेष जोड दिईनेछ ।
- प्राकृतिक श्रोत व्यवस्थापन कलेजमा हाईटेक नर्सरी स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक, कवुलियती, धार्मिक र निजीवनको संरक्षण, सम्वर्धन र विकासमा सबैको साझेदारी सुनिश्चतता गर्ने वातावरण मिलाईनेछ ।
- वनस्पतीमा फलफूलको कलमी गरेर सामुदायिक वनमा फलफूल प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।
- एक वडा एक नर्सरी स्थापनाको नीति अवलम्वन गरी हरियाली प्रवर्द्धन गर्ने वातावरण मिलाईनेछ ।
- वनमा आधारित आयआर्जन कार्यक्रम संचालन गरी वहुसरोकारवालाको विविध विकास गर्ने वातावरण मिलाईनेछ ।
- प्रकृतिमा आधारित पर्यटन विकासका कार्यक्रमहरु संचालन गर्न नगर, प्रदेश र संघीय सरकार र अन्य विकास साझेदारसंगको समन्वयमा कार्य अगाडी बढाउने वातावरण मिलाईनेछ ।

- वैज्ञानिक वनको माध्यामले काठमा आत्म निर्भर र उत्पादनमुखी रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुर्‍याउने वातावरण मिलाईनेछ ।
- सामुदायिक वनमा गुराँस, काफल, चुत्रा लगायतका फलफूल र जडीवुटीको व्यावसायीक खेती प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।
- खुल्ला चरिचरण, सार्वजनिक प्रति, ऐलानी सरकारी जमिनमा वनस्पती उद्यानहरु निर्माण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।
- सामुदायिक वनमा रहेका मिचाहा झारलाई वनक्षेत्रवाट हटाई आयआर्जनका लागि कम्पोष्ट मल, विग्रेट कोईला, जैविक विषादी निर्माणमा विशेष जोड दिईनेछ ।
- नगरपालिकाका अन्तर्गतका विभिन्न वन क्षेत्रमा सम्भाव्यता अध्ययन गरी चिडियाखाना,मिनि जु, वनस्पती उद्यान निर्माण गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।
- सडकको क्षेत्राधिकार भित्र हरित सडक निर्माण गरी सडक क्षेत्रलाई फलफुलले जोडेर आयआर्जनमा विकास गर्ने वातावरण मिलाईनेछ ।
- जैविक विविधताको संरक्षण हुने खालका वर,पीपल, स्वामी, लगायतका रुख विरुवाको संरक्षण र रोपण गरी चौतारा पाटीहरुको संरक्षण र विकास गर्ने वातावरण मिलाईनेछ ।
- जलवायू अनुकुलनका योजना निर्माण गरी वदलिदो विश्व सामु वातावरण संरक्षणमा अघि बढ्ने व्यवस्था मिलाईनेछ ।
- फोहरलाई मोहरमा रुपान्तरण गर्न फोहरमैला प्रशोधन केन्द्र स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।
- मानव मलमुत्रको उचित व्यवस्थापन गरी मल र इनर्जि बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- पानीका मुहान संरक्षण गर्नुका साथै पानी संरक्षणका वैकल्पीक र आधुनिक प्रविधि प्रयोगको अवलम्वन गरी वातावरण संरक्षणमा थप व्यवस्था मिलाईनेछ ।
- वातावरणको अवस्था बुझ्न प्रदुषणको मापन र संरक्षणको कार्यक्रम संचालन गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- पूर्ण सरसफाई, धुवाँ रहित, धुलो रहित सफाघर टोल वस्ती निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
- वैकल्पीक उर्जाको उपयोगको माध्यामले ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको विपद जोखिम न्यूनिकरण योजना निर्माण गरि अति संकाटासन्न वस्तीको पहिचान गरी वैकल्पीक व्यवस्था मिलाईने छ र विपदजोखिम न्यूनिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- वडा र वस्तीतहमा खुला क्षेत्रको व्यवस्था गरि आपतकालिन विपदजोखिमवाट प्रभावित हुने नागरिकलाई सुरक्षित आवाश हुन सक्ने व्यवस्था मिलाईनेछ ।
- विपद प्रतिकार्य समुह गठन गरि विपदजोखिमको अवस्थामा राहत तथा उद्धारका कार्यक्रमहरु संचालन गर्ने वातावरण मिलाईनेछ ।

- विपद व्यवस्थापन कोषको स्थायीत्व गरिनेछ ।
- उदार, राहत,पूर्नस्थापना र पूर्व सचेतिकरण कार्यक्रम संचालन गरिनेछ ।
- आपतकालिन कार्य संचालन केन्द्रको स्थापना, संचालन र व्यवस्थापन गरिनेछ ।
- एम्वुलेन्स र शववाहन संचालनमा ल्याउने वातावरण मिलाईनेछ ।
- जलवायू परिवर्तन स्थानीय अनुकूलन कार्य योजना (LAPA) अनुरुपका योजनाहरुका क्रमस कार्यान्वयन गरिनेछ ।
- जलाधार संरक्षण, बृक्षारोपण, वाताबरण मैत्री बिकास, जलबायु परिबर्तन अनुकुलन एवं प्रभाब न्यूनीकरणका योजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- पंचकोशी क्षेत्रका महत्वपूर्ण मन्दिरहरुमा उद्यान निर्माण गरिनेछ ।
- धार्मिक वन, नीजि वन र कवुलियती वनका माध्यामवाट हरियाली प्रवर्द्धन र दिगो विकासमा जोड दिईनेछ
- पर्यटन गुरुयोजनाको कार्यान्वयनमा निजी सार्वजनिक साझेदारी प्रवर्द्धन गर्ने वातावरण मिलाईनेछ ।
- पंचकोशी क्षेत्रको मठमन्दिरको गुरुयोजनाको नगर, प्रदेश, संघ र विकास साझेदारको सहभागितामा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- पर्यटन सूचना केन्द्रको व्यवस्थापन गरि दुल्लू नगरपालिका मुर्त र अमुर्त भाषिक, साहित्यीक, पुरातात्विक, ऐतिहासिक पर्यटकीय सम्पदाहरुको प्रचार, प्रसार संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।

**च) संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति :**

- नगरपालिकाको ONM सर्वेक्षण गरी समय सापेक्ष बनाईनेछ ।
- स्थानीय तहवाट प्रदान गरिने सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन न.पा. र प्रत्येक वडामा नागरिक वडापत्रको व्यवस्था मिलाईनेछ ।
- स्थानीय तहले कानुन बमोजिम सम्पादन गर्नु पर्ने सिफारिस तथा प्रमाणित जस्ता कार्यलाई सत्य तथ्य यर्थाथता वस्तुगत आधारमा गरिनेछ । साथै गुनासो सुनुवाई प्रवक्ता र सूचना अधिकारीको आवश्यक व्यवस्था मिलाईने छ ।
- नगरपालिकामा स्थानीय अभिलेख व्यवस्थापनलाई चुस्त र व्यवस्थित बनाईनेछ । त्यसैगरी पाश्र्व चित्र तथा श्रोत नक्साको अध्यावधिक अभिलेख राख्ने व्यवस्था मिलाईनेछ ।
- सार्वजनिक खर्च गर्दा स्वीकृत वजेट तथा कार्यक्रमको अधिनमा रही नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता र औचित्यताका आधारमा गरिनेछ ।
- नगरपालिकावाट सम्पादन भएका कार्यक्रमहरुको मासिक तथा चौमासिक आम्दानी र खर्चको विवरण निर्धारित समयमा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

- विभिन्न समिति, उपसमिति  वा कार्यदल र उपभोक्ता समितिको गठन गर्दा भुगोल, जनसंख्या तथा जातिय र वर्गिय प्रतिनिधित्व सुनिश्चित हुने गरी समानुपातिक र समावेशिता कायम गरिनेछ ।
- नगरपालिकावाट सम्पादन गरिने र गरिएका कार्यहरुलाई सूचना प्रविधिको माध्यामवाट सार्वजनिकरण गरिने छ ।
- नगरपालिकामा रहेको असुल गर्नु पर्ने बेरुजु असुल गर्ने र अनियमितता देखिएको बेरुजु नियमित गर्दै सुन्य बेरुजु उन्मुख नगरपालिका बनाउन  पहल गरिनेछ ।
- नगरपालिकाको वेभसाईडलाई नियमित अपडेट गरिनेछ ।
- त्रैमासिक बुलेटिन मार्फत सूचनाको हक (RTI) कार्यान्वयन गरिनेछ ।
- विषयगत शाखाको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन, प्रशारण र अपलोड गरिनेछ ।
- सार्वजनिक सुनुवाई, नागरिक वडापत्र (CRC) नागरिक प्रतिवेदन पत्रको माध्यामले जवाफदेहिता कार्यान्वयन गरिनेछ ।
- डिजिटल डिस्प्ले बोर्ड मार्फत नागरिकलाई जानकारी दिईने व्यवस्था मिलाईनेछ ।
- भ्रष्टचार विरुद्ध सुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरुको सम्पत्ति विवरण वेभसाईट मार्फत सार्वजनिक गरिनेछ ।
- रेडियो कार्यक्रम मार्फत नगरका गतिविधि सार्वजनिक गरिनेछ ।
- सवै वडा कार्यालय र विषयगत शाखाहरुको भवन र भौतिक पूर्वाधार विकासमा विशेष जोड दिईनेछ ।
- सवै वडा र विषयगत शाखा र समितिहरुलाई स्रोतसाधन सम्पन्न बनाउँदै जनउत्तरदायी र जवाफदेहि बनाईदै लगिनेछ ।
- सफ्टवेयरमा आधारित लेखाङ्कन पद्धतीका आधारमा आम्दानी तथा खर्च गर्ने प्रक्रियालाई अवलम्वन गरिनेछ ।
- नियमित सार्बजनिक सुनुवाई गर्ने व्यवस्था मिलाईने छ ।
- विगत देखिको बेरुजु असुली गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । पेश्की तथा बेरुजुमा न्यूनीकरण गर्न पहल गरिनेछ ।
- संस्थागत सुशासन र प्रवाभकारी सेवाप्रवाहमा जोड दिईनेछ ।
- नगरपालिकाको समग्र विकासका लागि आवश्यक देखिएका विभिन्न क्षेत्रगत ऐन तथा नियमावली र कार्यविधिहरु तर्जुमा गरी यसै नगर सभावाट पारित गरी लागु गर्ने व्यवस्था मिलाईनेछ ।
- दुल्लू नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सरकारी तथा गैर सरकारी निकायवाट निर्माण भएका सार्वजनिक भवनहरुको तथ्यांक संकलन गरी तिनीहरुको संरक्षणका लागि सम्वन्धित वडा समिति मार्फत संरक्षणको व्यवस्था गरिनेछ ।
- सुशासन प्रवर्द्धन तथा रोजगारी सृजना गर्न GIZ/CBSG संग सहकार्य गरिनेछ ।

- स्थानीय संस्था स्वमूल्यांकन कार्ययोजनाको आधारमा तयार गरिएका क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ ।

**६ मूख्य मुख्य योजना र क्रियाकलाप :**

क) शिक्षा पूर्वाधार सहयोग,

ख) स्वास्थ्य पूर्वाधार सहयोग,

ग) सडक सञ्जाल निर्माण,

घ) विद्युतीकरण र नविकरणीय उर्जा विकास,

ङ) खानेपानी आयोजना,

च) सिंचाई आयोजना,

छ) पर्यटन पूर्वाधार विकास

ज) उपेक्षित, उत्पीडित समुदाय तथा दलित, महिला, अपांगता भएका व्यक्ति, वालवालिका, जेष्ठनागरिक आदि जस्ता लक्षित वर्गको सशक्तिकरण, क्षमता विकास, आयआर्जन र मुलप्रवाहिकरणका कार्यक्रमहरु

झ) कृषि क्षेत्रको विकास, प्रवर्द्धन र व्यावसायीकरण,

ञ) वातावरण र जलवायू परिवर्तन अनुकूलन कार्यक्रम,

ट) रोजगारी सृजना र आयमूलक क्रियाकलाप,

ठ) संक्रमणजन्य र महामारीजन्य रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि विशेष कार्यक्रम संचालन

ड) प्रशासनिक भवनको तलाथप

ढ) प्राविधिक शिक्षा र उद्यमशिल विद्यालय पूर्वाधार विकास

ण) धार्मिक विद्यालयको पूर्वाधार विकास कार्यक्रम

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व.२०७७।०७८ मा यस नगरपालिकाको समग्र बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । नगरपालिका आगामी आ.व.०७७।०७८ का लागि कुल प्रस्तावित बजेट रु. ८० करोड ४३ लाख ६६ हजार १ सय ६५ रुपैयाँको आय अनुमान गरिएको छ । जस मध्ये संघीय सरकार, कर्णाली प्रदेश सरकार र अन्य विभिन्न सरकारी निकायबाट प्राप्त हुने श्रोतको तुलनामा नगरपालिकाको आन्तरिक आय अत्यन्त न्यून रहेको व्यहोरा समेत सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु । प्रस्तावित आय अनुमानका आधारमा रु. चालु खर्च तर्फ रु.७ करोड र विषयगत कार्यालय सहित न.पा. र वडाको पूंजिगत खर्च तर्फ रु. १७ करोड ९८ लाख ९५ हजार ६ सय ६५, ,संघ र प्रदेशवाट प्राप्त विषयगत शाखाका लागि सशर्त अनुदान, समपुरक अनुदान तर्फ ३५ करोड ७९ लाख र अन्य तर्फ १९ करोड ६५ लाख ७० हजार ५ सय हुने अपेक्षा गरिएकोछ । आम्दानी र खर्चको विस्तृत विवरण देहाय अनुसार प्रस्ताव गरिएकोछ ।

७. आगामी आ.व.०७७।०७८ का लागि प्रस्तावित आय व्यय विवरण (बजेट)

**(क) आम्दानी तर्फः**

| | आय शीर्षक | गत आ.ब.२०७५/०७६ को यथार्थ आय (रु.हजारमा) | चालु आ.ब.२०७६/०७७ को संशोधित आय (रु.हजारमा) | आगामी आ.ब. २०७७/०७८ को अनुमानित आय (रु. हजारमा) |
|---|---|---|---|---|
| **क.संघीय सरकार** | | | | |
| | वित्तीय समानीकरण अनुदान | १३१३०० | १३२७०० | १३१२०० |
| | राजश्व बाँडफाँड | ७६०४९।६७७ | १०८००० | १०१३४५.६६५ |
| | सशर्त अनुदान | २६१७३३ | २४,०४,०० | ३१७००० |
| | समपुरक अनुदान | ० | ० | ६४०० |
| | विशेष अनुदान | ० | १०००० | ५००० |
| | जम्मा रु. | *४६५०८२।६७७* | *४९११००* | *५६०९४५।६६५* |
| **ख.कर्णाली प्रदेश सरकार** | | | | |
| | सशर्त अनुदान | ० | १३६०० | ९५०० |
| | वित्तीय समानीकरण अनुदान | ८३७७।८९९ | १०४०७ | १०२३५ |
| | राजश्व बाँडफाँड(सवारी साधन कर) | ० | २३७९ | २११५ |
| | समपुरक अनुदान | १०००० | १३००० | १४००० |
| | विशेष अनुदान | ० | ६५०० | ६००० |
| | जम्मा रु. | *१८३७७।८९९* | *४५८८६* | *४१८५०* |
| **ग.आन्तरिक आय (राजश्व)** | | | | |
| | चालु आ.ब.को आम्दानी | ६९९४।६५० | १८४९० | ५००० |
| | जम्मा रकम रु. | ६९९४।६५० | *१८४९०* | *५०००* |
| **घ.निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम** | | | | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७००० | १६००० | १६००० |
| | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम | ० | ३२७५२।५० | ३२७५२।५० |
| | जम्मा रकम रु. | ७००० | ४८७५२।५० | ४८७५२।५० |
| **ङ अन्य विविध कार्यक्रम(अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| | सडक वोर्ड नेपाल अनुदान | ३२६०।४८३ | ४८५८।५२३ | ४००० |
| | बहुक्षेत्रीय पोषण अनुदान | १८२१ | १८२१ | १८२१ |
| | पर्यटन वोर्ड नेपाल | ७५० | ७५० | २००० |
| | गरीवसँग विश्वेश्वर कार्यक्रम | ३९४ | ४९५ | ४९५ |
| | स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | **६३५२** | **१000** | **0** |
| | **सरस्वती मा.वि. डिजिटल कार्यक्रम** | **१२५0** | **0** | **0** |
| | **प्रदेशबाट असिना पीडित सहयोग कार्यक्रम** | **२000** | **0** | **0** |
| | **पर्यटन पूर्वाधार विकास कार्यक्रम** | **0** | **२५00** | **२५00** |
| | **नगरपालिकाको प्रशासकीय भवन निर्माण** | **0** | **१0000** | **१0000** |
| | **मुख्यमन्त्री रोजगार कार्यक्रम** | **0** | **६४00** | **७000** |
| | **गरीव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण** | **0** | **१४४७।७४0** | **0** |
| | **जम्मा रकम रु.** | **१६१३२।४८३** | **२९२७२।२६३** | ***२७८१८*** |
| **च. सामाजिक सुरक्षा कार्यक्रम** | | | | |
| | **जेष्ट नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम** | **६९0३१** | **१२0000** | **१२0000** |
| | **जम्मा रकम रु.** | ***६९0३१*** | ***१२0000*** | ***१२0000*** |
| **छ.जिम्मेवारी अ.ल्या.** | | | | |
| | **गत बर्षको जिम्मेवारी अ.ल्या.** | **११५९२७।९५0** | **३८५९३।५२६** | **0** |
| | **जम्मा रकम रु.** | **११५९२७।९५0** | **३८५९३।५२६** | **0** |
| **कूल जम्मा रकम रु.** | | ***७0२५४६।६५९*** | ***७९२0९४।२८९*** | ***८0४३६६।१६५*** |

ख) खर्च तर्फ

| क.स. | विवरण | प्रस्तावित खर्च |
|---|---|---|
| १ | चालु खर्च ( पदाधिकारी र कर्मचारी पारिश्रमीक तथा प्रशासनीक खर्च) | ७ करोड |
| २ | नगरपालिका र विषयगत शाखा तर्फ | ६ करोड ६१ लाख ९५ हजार ६ सय ६५ रुपैयाँ |
| ३ | वडा तर्फ | |
| | दुल्लू न.पा. १ | ७० लाख |
| | दुल्लू न.पा. २ | ७९ लाख |
| | दुल्लू न.पा. ३ | ८१ लाख |
| | दुल्लू न.पा. ४ | ७२ लाख |

| | | |
|---|---|---|
| | दुल्लू न.पा. ५ | ८० लाख |
| | दुल्लू न.पा. ६ | १ करोड |
| | दुल्लू न.पा. ७ | ७० लाख |
| | दुल्लू न.पा. ८ | ९० लाख |
| | दुल्लू न.पा. ९ | ७८ लाख |
| | दुल्लू न.पा. १० | १ करोड १ लाख |
| | दुल्लू न.पा. ११ | १ करोड २२ लाख |
| | दुल्लू न.पा. १२ | ८२ लाख |
| | दुल्लू न.पा. १३ | १ करोड १२ लाख |
| ४ | अन्य कार्यक्रम खर्च तर्फ (विभिन्न निकाययवा प्राप्त सशर्त अनुदान ) | ५५ करोड ४४ लाख ७० हजार ५ सय मात्र |

अन्त्यमा वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने नगर प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।